सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको
हक सम्बन्धी नियमावली, २०६५ को नियम ३
बमोजिम सार्वजनिक गरिएको विवरण

# माघ – चैत्र, २०८२ सम्म
# सम्पादित क्रियाकलापहरुको विवरण

राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला
ललितपुर, नेपाल

**विषयसूची**


१. कार्यालयको स्वरुप र प्रकृति

२. कार्यालयको काम, कर्तव्य र अधिकार

३. कार्यालयमा रहने कर्मचारी संख्या

४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय, नागरिक बडापत्र

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

७. प्रमुखको नाम र पद

८. सूचना अधिकारीको नाम र पद

९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

११. अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरु

१२. कार्यालयको वेबसाइट

१३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण

१४. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१५. कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर दिइएको विवरण

१६. सूचना प्रकाशन

१७. संगठन संरचना

## १. कार्यालयको स्वरुप र प्रकृति

राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला काठमाडौं उपत्यकाको दक्षिण पूर्वी भू-भाग फुल्चोकी पहाडको काख गोदावरीमा अवस्थित छ। गोदावरी आउने प्रवेशद्वार सातदोबाटोबाट यो कार्यालय करिब १० किलोमिटरको दूरीमा रहेको छ। वोटानिकल सर्भे तथा हर्वेरियमको नामबाट वनस्पति विभाग अन्तर्गत सन् १९६१ मा यस कार्यालयको स्थापना भई संगठनात्मक स्वरुप बदलिँदा सन् १९८९ मा राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला नामाकरण हुन गएको हो। यो वन तथा वातावरण मन्त्रालय, वनस्पति विभाग अन्तर्गतको केन्द्रीय कार्यालय हो। यो संस्था अन्तर्राष्ट्रिय स्तरमा KATH हर्वेरियमको नामले परिचित छ। वानस्पतिक स्रोतको सर्वेक्षण, हर्वेरियम नमुना संकलन तथा पहिचान गरी नेपालमा रहेका सम्पूर्ण वनस्पति प्रजातिहरुको अभिलेखीकरण तथा तथ्याङ्क अद्यावधिक गर्ने प्रमुख उद्देश्यका साथ यस कार्यालयको स्थापना भएको हो। फूल फुल्ने तथा फूल नफुल्ने समेत गरी करिव १,७६,००० हर्वेरियमका नमुनाहरु यहाँ संरक्षण गरी राखिएका छन्। यस कार्यालयबाट प्राप्त सूचनाको आधारमा वानस्पतिक स्रोतको समुचित उपयोग, व्यवस्थापन तथा संरक्षण गर्न मद्दत पुग्दछ। यस संस्थाको उद्देश्य प्राप्तिका लागि विभिन्न ८ वटा प्राविधिक र १ प्रशासनिक शाखा रहेको छ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

- नेपालमा पाईने सम्पूर्ण वनस्पति प्रजातिहरु (फूल फुल्ने, कोणधारी, फूल नफुल्ने) को सर्भेक्षण तथा नमुनाहरु संकलन गरी राष्ट्रिय हर्वेरियममा वैज्ञानिक व्यवस्थापनका साथ संरक्षण गर्ने।
- नेपालका विभिन्न स्थानहरुबाट संकलित हर्वेरियम नमुनाहरुको वैज्ञानिक पहिचान गरी अभिलेखीकरण गर्ने।
- नेपालका फूल फुल्ने (Angiosperms), कोणधारी (Gymnosperms) तथा फूल नफुल्ने (Algae, Fungi, Lichens, Bryophytes and Pteridophytes) वनस्पति प्रजातिहरु समावेश बृहत नेपाल फ्लोरा प्रकाशन गर्ने।
- नेपालका वानस्पतिक सम्पदाको अध्ययन, अनुसन्धान तथा दीगो सदुपयोगको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हर्वेरियमहरुसँग सहकार्य गर्ने।
- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला (KATH) लाई अन्तर्राष्ट्रिय मापदण्डको हर्वेरियम संग्रहालयको रुपमा स्तरोन्नति गर्न Index Herbariorum का सदस्यहरुसँग सहकार्य गर्ने।
- नेपालबाट पत्ता लागेका वनस्पति प्रजातिहरुको टाइप नमूनाहरुको विस्तृत अध्ययन, अनुसन्धान तथा संरक्षण

गर्दै नविनतम नामाकरण पद्धति अनुसार अद्यावधिक गर्दै लैजाने।

- नेपालका Endemic, Rare, Threatened र आर्थिक महत्व भएका वनस्पति प्रजातिहरुको विस्तृत अध्ययन, अनुसन्धान गरी तथ्याङ्क अद्यावधिक गर्नुको साथै दीगो सदुपयोगको लागि सरोकारवालाहरुसँग समन्वय गर्दै कार्यान्वयनको दिशामा अगाडि बढ्ने।
- KATH हर्वेरियममा संरक्षित हर्वेरियम नमूनाहरुको डिजिटाइजेशन गरी भविष्यको लागि Data सुरक्षित राख्ने।
- Digitized हर्वेरियम नमुनाहरुलाई virtual herbarium को रुपमा online database मार्फत स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता तथा सर्वसाधारणको पहुँचमा पुर्याउने।
- नेपालका सम्पूर्ण रुख प्रजातिहरुको पहिचान तथा दीगो उपयोगको लागि जाइलेरियम संग्रहालय (Wood Library) को स्थापना गर्ने।
- जाइलेरियम संग्रहालयमा संरक्षित सम्पूर्ण काठका नमुनाहरुको आन्तरिक संरचनाको अध्ययन तथा काठका विशेषताहरु पहिचान गरी Identification Manual तयार गरी प्रकाशन गर्ने।
- नेपालका वनस्पति प्रजातिको कोषिय संरचना तथा क्रोमोजोमहरुको अध्ययन अनुसन्धान गरी Chromosome Atlas तयार गर्ने।
- वनस्पति प्रजातिको बीचमा पारिस्थितिकीय प्रणालीहरुको अध्ययन गरी एक अर्का प्रजाति बीचको सम्बन्ध तथा फरक-फरक किसिमको जलवायु र भू-धरातलको प्रजातिहरुको उपस्थिति तथा बनावटमा पार्ने प्रभावहरुको अध्ययन गर्ने।
- वातावरणमा आएको ह्रास, जैविक तथा मानवीय क्रियाकलापहरुले वनस्पति प्रजातिहरुमा हुने विभिन्न किसिमका संक्रमण, असर तथा प्रकोपहरुको पहिचान गरी रोग निदान तथा संरक्षणका उपायहरु पत्ता लगाउने।
- हर्वेरियम तथा काठका नमुनाहरुको अध्ययन, पहिचान तथा दीगो उपयोगको बारेमा सर्वसाधारण, विद्यार्थी, अनुसन्धानकर्ता, व्यापारी, व्यवस्थापक तथा नीति-निर्माताहरुलाई परामर्श सेवा प्रदान गर्ने।

## ३. कार्यालयमा रहने कर्मचारी संख्या

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | श्री ज्वाला श्रेष्ठ | वरिष्ठ अनुसन्धान अधिकृत | |
| २ | प्रशासन शाखा | नविन कुमार थापा | शाखा अधिकृत | |
| | | ज्योती लाल आचार्य | लेखापाल | |
| | | श्री मदन राज अवस्थी | पलम्वर | |
| ३ | फिनेरोगेम्स शाखा | श्री रिता क्षेत्री | अनुसन्धान अधिकृत | |
| | | डा. तिर्थ राज पाण्डेय | अनुसन्धान अधिकृत | |
| | | श्री तिल कुमारी थापा | अनुसन्धान अधिकृत | |
| | | श्री दिवाकर दवाडी | सुपरभाइजर | |
| | | श्री रविन्द्र मगर | असिष्टेन्ट वोटानिष्ट | |
| ४ | क्रिप्टोगेम्स (एलगी, फन्जाइ र लाइकेन) शाखा | श्री जीवन पाण्डे | अनुसन्धान अधिकृत | काज सरूवामा |
| | | श्री सजिता ढकाल | अनुसन्धान अधिकृत | |
| ५ | क्रिप्टोगेम्स (ब्रायोफाइटा र टेरिडोफाइटा) शाखा | श्री धन राज कंडेल | अनुसन्धान अधिकृत | |
| ६ | डिजिटाईजेशन तथा पब्लिसिटी शाखा | श्री यज्ञ राज पनेरु | अनुसन्धान अधिकृत | |
| ७ | जाइलेरियम शाखा | श्री प्रतिक्षा चालिसे | अनुसन्धान अधिकृत | अध्ययन विदामा |
| ८ | प्लान्ट इकोलोजी शाखा | श्री अमृत के.सी. | अनुसन्धान अधिकृत | |
| ९ | साइटोलोजी शाखा | | अनुसन्धान अधिकृत | रिक्त |
| १० | प्लान्ट प्रोटेक्सन शाखा | श्री लिलाराम थारु | अनुसन्धान अधिकृत | |
| | | श्री सिर्जना थापा सोमै | हे.फि.अ. | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा (नागरिक बडापत्र)

# नागरिक वडापत्र

| सि.नं. | गैरकर राजश्व | इकाई | दररेट |
|---|---|---|---|
| १. | **हर्वेरियम पहिचान** | | |
| | **(क) विद्यार्थीहरुको लागि** | | |
| | स्पेसिज | गोटा | १५।०० |
| | जिनस | गोटा | १०।०० |
| | फेमिली | गोटा | ५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ख) स्वदेशी अनुसन्धानकर्ताको लागि** | | |
| | स्पेसिज | गोटा | २५।०० |
| | जिनस | गोटा | २०।०० |
| | फेमिली | गोटा | ४।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ग) शार्क मुलुकका अनुसन्धानकर्ताको लागि** | | |
| | स्पेसिज | गोटा | ४०।०० |
| | जिनस | गोटा | ३०।०० |
| | फेमिली | गोटा | १५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(घ) विदेशी अनुसन्धानकर्ताको लागि** | | |
| | स्पेसिज | गोटा | ७५।०० |
| | जिनस | गोटा | ५०।०० |
| | फेमिली | गोटा | २५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ङ) सरकारी संघ संस्थाको लागि** | गोटा | ६०।०० |
| | स्पेसिज | गोटा | ४०।०० |
| | जिनस | गोटा | २०।०० |
| | फेमिली | गोटा | ५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | | |

| | | | |
|---|---|---|---|
| | **(च) गैह्र सरकारी संघ संस्थाको लागि**<br>स्पेसिज<br>जिनस<br>फेमिली<br>हर्वेरियम ट्रिटमेन्ट | गोटा<br>गोटा<br>गोटा<br>गोटा | ६५।००<br>४५।००<br>२५।००<br>५।०० |
| | **(छ) अर्न्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थाको लागि**<br>स्पेसिज<br>जिनस<br>फेमिली<br>हर्वेरियम ट्रिटमेन्ट | <br>गोटा<br>गोटा<br>गोटा<br>गोटा | <br>८०।००<br>५०।००<br>३०।००<br>१०।०० |
| | **(छ) व्यक्ति, निजी संघ संस्थाको र व्यापारीका लागि (प्रति नमुना)** | | ५००।०० |
| २ | **सभाकक्ष प्रयोग**<br>**अडिटोरियम**<br>**अन्य कक्ष** | <br>दिन<br>दिन | <br>७५०।००<br>३००।०० |
| ३ | **प्राविधिक सेवा शुल्क प्रयोगशाला सुविधा प्रयोग गरे वापत।**<br>**माईकोलोजी,**<br>**साईटोलोजी,**<br>**एनाटोमी** | <br>प्रति दिन प्रति व्यक्ति<br>प्रति दिन प्रति व्यक्ति<br>प्रति नमूना/काठको संरचना तथा बिस्तृत अध्ययन | <br>५००।००<br>५००।००<br>२०००।०० |
| ४ | **हर्वेरियम, एनाटोमी, माईकोलोजी, ईकोनोमिक वोटानी (म्युजियम) आदि सम्वन्धि ब्रिफिङ्ग (प्रति पटक)**<br>**-१० कक्षा सम्मका विद्यार्थी**<br>**-स्नातक सम्मका विद्याथी**<br>**-स्नाकोत्तर सम्मका विद्याथी** | <br><br>प्रति ग्रुप १० जवान<br>प्रति ग्रुप १० जवान<br>प्रति ग्रुप १० जवान | <br><br>३००।००<br>५००।००<br>८००।०० |
| ५ | **म्युजियमको नमूनाको प्रत्यक्ष परिचय गराउने** | | १००।०० |

**गुनासो सुन्ने अधिकारी :** कार्यालय प्रमुख

### ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालयमा प्राप्त हुने चिठ्ठीपत्रहरुमा कार्यालय प्रमुखबाट तोक लगाई सम्बन्धित शाखा वा कर्मचारीबाट कार्य प्रक्रिया अघि बढाईन्छ र विषयवस्तुको गाम्भिर्यता हेरी आवश्यक परेको खण्डमा सम्बन्धित बैठक बसी निर्णय गर्ने गरिन्छ।

### ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सेवाग्राहीको यस कार्यालय प्रति कुनै किसिमको गुनासो/सुझाव भएमा यस कार्यालयको वेबसाईटभित्र गुनासो/सुझाव शिर्षकमा गई आफ्नो गुनासो/सुझाव राख्न सक्ने व्यवस्था गरिएको छ । साथै कसैको यस कार्यालयले गरेको

निर्णया उपर कुनै गुनासो भएमा कार्यालय प्रमुख समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछन् तथा गुनासो/उजुरी/सुझावको प्रयोजनको लागि कार्यालय परिसरमा उजुरी पेटिकाको व्यवस्था पनि गरिएको छ ।

**७. प्रमुखको नाम र पदः**

नाम: ज्वाला श्रेष्ठ

पद: वरिष्ठ अनुसन्धान अधिकृत

फोन नं: ०१-५१७४३४९

इमेल: meejwala@gmail.com

**८. सूचना अधिकारीको नाम र पद**

नाम: डा. तिर्थ राज पाण्डेय

पद: अनुसन्धान अधिकृत

फोन नं: ०१-५१७४२७७

इमेल: tirtharpandey@gmail.com

**९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- जडिबुटी एवं गैर काष्ठ वन पैदावार विकास नीति, २०६१
- जैविक सुरक्षा निर्देशिका, २०६२
- वनस्पति स्रोत अनुसन्धान कार्यविधि २०७०, (पहिलो संसोधन २०७३)
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७४
- जडिबुटी खेती प्रविधि कार्यविधि, २०७५
- जडिबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७५
- स्वदेशी शोभनीय वनस्पति अध्ययन अनुसन्धान कार्यविधि, २०७५
- स्व-स्थानीय तथा पर-स्थानीय वनस्पति संरक्षण कार्यविधि, २०७५
- सिलबन्दी सम्बन्धी कार्यविधि निर्देशिका, २०७५

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### खर्च सम्बन्धी विवरण:

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. लाखमा) | | हालसम्मको प्रगति (रु. लाखमा) | |
|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | पूँजीगत | चालु |
| १ | वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम | १०१९ | २६.६३ | ६७.२६ | १६.८१ |
| २ | वनस्पति विभाग | - | १९२.२८ | - | १३५.१९ |

| सि.नं. | आवश्यक विवरण | प्रगति अवस्था | | कैफियत |
|---|---|---|---|---|
| १ | बेरुजु फछ्र्यौट | जम्मा बेरुजु रकम | **८,८९,४८७/०६** | कुल बेरुजु मध्ये रु. ५,०९,२३२/८४ फछ्र्यौटको लागि असुल भई म.ले.प. मा पेश भएको। बाँकी रु. ३८०,२५४/२२ मध्ये रु. ८१,२९१/- को प्रमाण संकलन गरी फछ्र्यौटको लागि विभाग प्रेषित गरिएको तथा रु. १०,०००/- को प्रमाण संकलन गरि फछ्र्यौटको लागि म.ले.प. मा पेश भएको। |
| | | हाल सम्म फछ्र्यौट रकम | | |
| २ | राजश्व संकलन | हाल सम्मको राजश्व संकलन | ५२,०६०/- | |
| ३ | सेवाग्राही संख्या | हाल सम्मको सेवाग्राही संख्या | ४१८ जना | |
| ४ | बाह्य आगन्तुक संख्या | हाल सम्मको बाह्य आगन्तुक संख्या | ६ जना | |
| | आन्तरिक आगन्तुक संख्या | हाल सम्मको आन्तरिक आगन्तुक संख्या | ० जना | |
| ५ | रोजगारी सृजना (श्रमदिन) | हाल सम्मको रोजगारी सृजना | १८३ दिन | |
| ६ | बिरुवा वितरण संख्या | हाल सम्मको बिरुवा वितरण (बिक्री) संख्या | २,१७० वटा | |
| ७ | बिरुवा उत्पादन संख्या | हाल सम्मको बिरुवा उत्पादन संख्या | - | |
| ८ | वृक्षारोपण क्षेत्रफल | हाल सम्मको वृक्षारोपण क्षेत्रफल | - | |
| ९ | संरक्षित जर्मप्लाज्म संख्या | हाल सम्मको संरक्षित जर्मप्लाज्म संख्या | - | |

## ११. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम तथा खर्च सम्बन्धी विवरण:

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. लाखमा) | | खर्च (रु. लाखमा) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | पूँजीगत | चालु | |
| १ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | १०००.०० | ७३.९७ | ३५२.६५ | ५४.३० | |
| २ | वनस्पति विभाग | १.५ | १९०.०७ | १.२५ | १८२.०९ | |
| ३ | विविध (EbA II) | २२.४६५४१ | | २२.४६५४१ | | |

## १२. कार्यालयको वेभसाइट

Website: kath.gov.np
Plant database: plantdatabase.kath.gov.np
E-mail: info@kath.gov.np
Facebook page: https://www.facebook.com/kathherbarium (National Herbarium and Plant Laboratories, Nepal – KATH)

## १३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण

नभएको

## १४. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण

**कार्यक्रमको नाम: १) वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम**

**अ. पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु**

| क्र. सं | क्रियाकलापको नाम | वार्षिक लक्ष्य | इकाई | तेस्रो त्रैमासिक प्रगति |
|---|---|---|---|---|
| १ | अत्याधुनिक हर्बेरियम भवन निर्माण | १ | संख्या | निर्माण कार्य अघि बढिरहेको। |
| २ | म्यूजियम डिजाइन | १ | संख्या | म्युजियम डिजाइन कार्यको लागि परामर्शदाता छनोट भई Inception Report प्राप्त भएको। |

## आ. चालु कार्यक्रम

| क्र. सं | क्रियाकलापको नाम | वार्षिक लक्ष्य | इकाई | तेस्रो त्रैमासिक प्रगति |
|---|---|---|---|---|
| १ | | फ्लोरा लेखनका लागि विज्ञ परामर्श सेवा | २ | **फ्लोरा अफ नेपाल Volume 10**<br>• फ्लोरा अफ नेपाल Volume 10 मा पर्ने Hypoxidaceae, Asparagaceae, Costaceae र Zingiberaceae परिवारको 12 Genus तथा 46 Species हरुको Manuscript finalize भएको।<br>**फ्लोरा अफ नेपाल Volume 11**<br>• फ्लोरा अफ नेपाल Volume 11 Orchidaceae परिवारको Species हरुको नेपाली नाम र Glossory तयारी कार्य सम्पन्न भई Editing को लागि RBGE पठाईएको।<br>• Orchidaceae परिवारको ५२ वटा Illustration Plate को Cleaning तथा Scaling गर्ने कार्य भईरहेको। |
| २ | फ्लोरा अफ नेपाल कार्यक्रम कार्यान्वयन | ४ | संख्या | • फ्लोरा अफ नेपाल volume 10 & 11 का Contributors र Editors समक्ष फ्लोराको Draft Manuscript सम्बन्धमा निरन्तर Correspondence भईरहेको। |
| ३ | हर्वेरियम नमुनाहरुको पहिचान संरक्षण हाउजिङ्ग तथा व्यवस्थापन (वनस्पति) | | | |
| | संरक्षण तथा व्यवस्थापन | १७० | हजार | • हर्वेरियममा संरक्षित नमुनाहरुको Poisoning कार्य सम्पन्न।<br>• हर्वेरियममा संरक्षित नमुनाहरुको नियमित स्याहार संभार कार्य गरेको। |
| | Press तथा Dry | ५०० | वटा | ४ |
| | Labelling तथा Mounting | ३००० | वटा | ९८२ |
| | Housing | ३००० | वटा | १४५८ |
| | Alcohol Treatment | २००० | वटा | ७८२ |
| | Repair तथा मर्मत | २००० | वटा | ९७ |

| | | | | |
|---|---|---|---|---|
| ४ | **हर्वेरियम नमुनाहरुको Digitization कार्य** | | **संख्या** | • हर्वेरियम नमुनाहरुको Databasing तथा Imaging गरी Digitization कार्य गरिएको।<br>• ९७४ वटा हर्वेरियम नमूनाहरुको Digitization कार्य गरिएको।<br>• ८० online हर्वेरियम नमुनाहरुको data cleaning भएको। |
| ५ | **फिनेरोग्याम्श क्रिप्टोग्याम्श जाइलेरियम साइटोलोजी ईकोलोजी प्लान्ट प्रोटेक्सन तथा डिजिटाइजेशन अध्ययन (८ शाखा)** | | | |
| | **फिनेरोग्याम्स** | सेवा प्रदान | **वटा** | • शाखाको नियमित कार्यहरु भईरहेको।<br>• १७१ वटा नमूनाहरु पहिचान (सेवा प्रदान) गरिएको ।<br>• विभिन्न विद्यालय तथा कलेजका ४३० जना विद्यार्थीहरुलाई हर्वेरियम सम्बन्धी विशेष कक्षा संचालन गरेको। |
| | **क्रिप्टोग्याम्स (एल्गी, फन्जाइ, लाइकेन)** | | | शाखाको नियमित कार्यहरु भईरहेको। |
| | **क्रिप्टोग्याम्स (ब्रायोफाईट/टेरिडोफाईट)** | | | शाखाको नियमित कार्यहरु भईरहेको। |
| | **क्रिप्टोग्याम्स (माइकोलोजी)** | | | • शाखाको नियमित कार्यहरु भईरहेको।<br>• Magic mushroom "*Psilocybe cubensis* (Earle) Singer" को नमुना पहिचान गरी herbarium deposit गरिएको। |
| | **जाईलेरियम** | | | • काठका नमुनाहरुको नियमित स्याहार संहार।<br>• EG Infra Pvt. Ltd. बाट प्राप्त साल (*Shorea robusta*); वन निर्देशनालय, कर्णाली प्रदेशबाट वनस्पति विभाग मार्फत प्राप्त महारङ्गी (*Arnebia benthamii*) र स्याङ्जा वालिङको मौरी पालन फार्म बाट प्राप्त टुनी (*Toona ciliata*) काठका नमुनाहरुको Anatomy अध्ययनबाट पहिचान गरिएको ।<br>• डिभिजन वन कार्यालय, बाँकेबाट आएको कुट्की (*Neopicrorhiza scrophulariiflora*) को नमुना पहिचान गरिएको ।<br>• डिभिजन वन कार्यालय, मोरङ्गबाट प्राप्त मोहि पार्ने ठेकीजस्तो देखिने, डाडु जस्तो देखिने र गिलास जस्तो देखिने ५ थान काठका नमुनाहरुको Anatomy अध्ययनबाट *Pterocarpus marsupium* भनी पहिचान भएको । |
| | **ईकोलोजी** | | | • मकालु बाट सङ्कलन गरी ल्याएको १६७ वटा हर्वेरियमका नमुनाहरूको पहिचान तथा Digitized गरिएको। |
| | **प्लान्ट प्रोटेक्सन** | | | • ग्रीनहाउस तथा सेड हाउसमा राखिएका विरुवाहरुको नियमित स्याहार सम्भार गरिएको। |

**कार्यक्रमको नाम: २) वनस्पति विभाग**

**पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु**

तलब भत्ता


## १५. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर दिईएको विवरण

निवेदन प्राप्त नभएको।

## १६. सूचना प्रकाशन

प्रचार प्रसार सामग्रीहरु brochure, booklet तथा कार्यालयसँग सम्बन्धित सूचना website मार्फत प्रकाशन।

## १७. संगठन संरचना


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
अनुसूची १४.२.१.१
राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाको संगठन संरचना
वरिष्ठ अनुसन्धान अधिकृत
रा.प.द्वि (वन बोटानी)-१
प्रशासन शाखा
शाखा अधिकृत रा.प.तृ (प्रशासन, सा.प्र.)-१
लेखापाल रा.प.अनं. प्रथम प्रशासन, लेखा)-१
प्लम्वर रा.प.अनं. द्वितिय प्रा. (इञ्जि, सिभिल)-१
भारी सवारी चालक श्रेणी विहिन -१
फेनेरोगेम्श (डाईकट)
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -३
असिष्टेन्ट बोटानिष्ट रा.प.अनं.प्र.प्रा. (वन बोटानी) -१
कार्यालय सहयोगी श्रेणी विहिन -२
डिजिटाइजेशन एण्ड पव्लिसिटी
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -१
कार्यालय सहयोगी श्रेणी विहिन -१
साइटोलोजी
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -१
कार्यालय सहयोगी श्रेणी विहिन -१
क्रिप्टोगेम्स (एल्गी, फन्जाई, लाइकेन)
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -२
कार्यालय सहयोगी श्रेणी विहिन (प्रशासन, सा.प्र.)- १
जाइलेरियम
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -१
कार्यालय सहयोगी श्रेणी विहिन -१
प्लान्ट प्रोटेक्सन
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -१
हे.फि.अ. रा.प.अनं. द्वितिय प्रा. (वन बोटानी) -१
कार्यालय सहयोगी श्रेणी विहिन -१
क्रिप्टोगेम्स (ब्रायोफाइटस, टेरिडोफाइट्स)
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -१
कार्यालय सहयोगी श्रेणी विहिन (प्रशासन, सा.प्र.)-१
प्लान्ट इकोलोजी
अनुसन्धान अधिकृत रा.प.तृ.प्रा (वन बोटानी) -१
कार्यालय सहयोगी श्रेणी विहिन -१